# पौवादुङ्मा गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय
च्याङ्ग्रे, भोजपुर
१ नं.प्रदेश, नेपाल

## उद्यम विकास सहजकर्ता सेवा करार पदका लागि दरखास्त आह्वान गरिएको सुचना

(सूचना प्रकाशित मिति २०७७/०७/२०)

यस गाउँ कार्यपालिकाको मिति २०७७/०७/१९ को निर्णयानुसार नेपाल सरकार, संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको स्थानीय तह मार्फत सञ्चालन हुने सशर्त अनुदानको रुपमा उपलब्ध बजेट तथा कार्यक्रमको गरिबी निबारणका लागि लघु उद्यम विकास कार्यक्रम अन्तरगत यस गाउँपालिकाको लागि देहायको पद र संख्यामा सहजकर्ता सेवा करारमा छनौट गरी पदपूर्ति गर्नु पर्ने भएकोले निम्न योग्यता पुगेका ईच्छुक नेपाली नागरिकहरुले यो सूचना प्रकाशित भएको मितिले ७ (सात) दिनभित्र गाउँपालिकाको निर्धारीत ढाँचामा दरखास्त फाराम पेश गर्न हुन सम्वन्धित सबैमा यो सूचना प्रकाशन गरिएको छ ।

देहाय :

१. आबश्यक पद :

| क्र. सं. | बिज्ञापन नं. | पद | आवश्यक संख्या | आबश्यक योग्यता | दरखास्त शुल्क |
|---|---|---|---|---|---|
| १ | ११/०७७/०७८ | सहजकर्ता (चौथो) | १ (एक) | (क) प्राविधिक शिक्षा तथा व्यवसायिक तालिम परिषद् (CTEVT) बाट मान्यता प्राप्त उद्यम विकास सहजकर्ता सम्वन्धी डिप्लोमा कोर्या उत्तीर्ण गरेको, वा<br>(ख) प्राविधिक शिक्षा तथा व्यवसायिक तालिम परिषदबाट उद्यम विकास सहजकर्ता सीप परीक्षण तह २ वा ३ उत्तीर्ण गरेको, वा<br>(ग) प्राविधिक शिक्षा तथा व्यवसायिक तालिम परिषद्बाट मान्यता प्राप्त उद्यम विकास सहजकर्ता संम्वन्धी प्राविधिक प्रवेशिका परीक्षा ( TSLC ) उत्तीर्ण गरेको | ५००।- |

२. सेवाको किसिम : सेवा करार

३. दरखास्त साथ पेश गर्नुपर्ने आवश्यक कागाजातहरु :

- गाउँ कार्यपालिकाबाट प्राप्त हुने निर्धारीत ढाँचाको आवेदन फाराम, उक्त फारम गा. पा. को वेभसाईट pauwadungmamun.gov.np बाट समेत प्राप्त गर्न सकिने छ ।
- हालसालै खिचेको पासपोर्ट साईजको ३ प्रति फोटो,
- शैक्षिक योग्यताको प्रमाणित प्रतिलिपी,
- नेपाली नागरिकताको प्रमाणित प्रतिलिपी,
- तालिम तथा अनुभवको प्रमाणित प्रतिलिपी,

४. उमेरको हद :

- पुरुषको हकमा १८ बर्ष पुरा भई ३५ बर्ष ननाघेको र महिलाको हकमा ४० बर्ष ननाघेको हुनु पर्ने

५. तलब, सुविधा तथा अन्य सेवा शर्त : गाउँ कार्यपालिकाले निर्धारण गरे बमोजिम ।

६. परीक्षा दस्तुर बुझाउने प्रकृया : गाउँ कार्यपालिकाको नेपाल इन्भेष्टमेन्ट बैंकमा खोलिएको आन्तरीक राजश्व खाता नं. ०६६०१४००२५०१०८ जम्मा गरी सोको भौचर दरखास्त फाराम साथ पेश गर्नु पर्नेछ ।

७. परिक्षाको किसिम : अन्तरवार्ता

८. दरखास्त फाराम पाउने र बुझाउने स्थान : पौवादुङमा गाउँ कार्यपालिकाको कार्यालय प्रशासन शाखामा बुझाउनु पर्ने छ । साथै यस कार्यालयको ईमेल ठेगाना pauwadungmamun@gmail.com मार्फत समेत आवेदन पठाउन सकिने छ ।

९. सम्पर्क तथा अन्तरबार्ता मिति : आवेदन पेश गरेको अन्तिम दिनको भोली पल्ट अर्थात २०७७/०७/२७ गते बिहीबार बिहान ८.३० बजे यस कार्यालयमा हुनेछ ।

१०. अन्तरवार्ता मिति : कार्यालयको वेभसाईट तथा फोन मार्फत जानकारी गरी निर्धारण गरिने छ ।

११. थप जानकारीको लागि : कार्यालयको फोन नं. ९८५२०७५८०० मा सम्पर्क गरी बुझ्न सकिने छ ।

१२. आवेदन स्वीकृत/अस्वीकृत तथा बिज्ञापन रद्ध गर्ने सम्पूर्ण अधिकार पालिकामा निहीत रहने छ ।

१३. दरखास्त फाराम पेश गर्ने अन्तिम दिन सार्बजनिक बिदा पर्न गएमा सो पछि कार्यालयको खुलेको पहिलो दिनको कार्यालय समय भित्र दरखास्त पेश गर्नु पर्ने छ ।

प्रमुख प्रशासकीय अधिकृत